# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ चैत्र देखि २०८३ असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

(स्वतः प्रकाशन)



## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बागलुङ

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

### स्वतः प्रकाशन (Proactive Disclosures)

### २०८२ चैत्र - २०८३ असार सम्मको विवरण

**१. कार्यालयको परिचय र कार्यक्षेत्रः**

बागलुङ जिल्ला नेपालको गण्डकी प्रदेशका जिल्लाहरु मध्यको एउटा मध्य पहाडी जिल्ला हो। यस जिल्लाको पूर्वमा पर्वत, दक्षिणमा गुल्मी, प्युठान र रोल्पा, पश्चिममा रुकुम र उत्तरमा म्याग्दी पर्दछ। यसको सदरमुकाम जिल्लाको पूर्वी सिमाना कालिगण्डकीको किनारमा अवस्थित बाग्लुङ हो। जिल्लाको नामाकरणबाट सदरमुकामको नाम रहेको छ। हाल संघिय प्रणाली बमोजिम ६ गाउपलिका र ४ नगरपालिका स्थानिय निकायमा विभाजन गरिएको छ। यो जिल्ला समुन्द्र सतह देखि ६०० मिटर देखि ४६९० मिटरको उचाईमा रहेको छ। तत्कालिन नेपाल सरकार सिंचाइ मन्त्रालय सिंचाइ विभाग अर्न्तगत रहने गिरि स्थापना भएको यस कार्यालय वि.स. २०७५ मा गण्डकी प्रदेश भौतिक पुर्वाधार विकास मन्त्रालय अर्न्तगतयस जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय बागलुङ स्थापना भएकोमा प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशको स्थापना भए पश्चात उक्त मन्त्रालय अन्तर्गत रहेको छ।

समग्रमा प्रदेश सम्बृद्धिको लागि परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादकत्व वृद्धि गरि दिगो कृषि अर्थतन्त्र निर्माण गर्न उपलव्ध सतह र भूमिगत पानीको समान्जस्य रुपमा उपयोग गर्दै समानुकुल नविनतम प्रविधिको प्रगोग गरि सिंचाइ प्रणालीको विकास र विस्तार गर्नुपर्ने देखिन्छ। बागलुङ जिल्ला भैगोलिक हिसावले विकट तथा भु- बनावटका हिसावले कमजोर भएका कारण बर्षेनी भु–क्षय तथा बाढि पहिरोको उच्च जोखिममा रहेको छ। जलस्रोतको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड तथा जलस्रोत, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासका साथै जल तथा मौसम विज्ञान संबन्धि कार्य तथा आपतकालिन वाढि पहिरो नियन्त्रण तथा पुनस्थापन साथै नविकरणिय उर्जा विकास तथा विद्युत विस्तार कार्य यस कार्यलयको प्रमुख कार्यक्षेत्र रहेका छन् ।

गण्डकी प्रदेशको कुल भू-भागमध्ये २२.२ प्रतिशत अर्थात् ४,८७,८२३ हेक्टर भू-भाग खेती योग्य जमिन छ जसमध्ये ७६ % जमिनमा मात्र खेती गरिएको छ। खेती गरिएको कुल जमिनमध्ये ३६.१ % जमिनमा मात्र सिंचाइ सुविधा पुगेको छ। सिंचित कृषियोग्य जमिन मध्ये ४६.१ % जमिनमा मात्र बाहैं महिना सिंचाइ सेवा उपलव्ध भएको अवस्था छ भने यस बागलुङ जिल्लाको कुल भू-भाग १,८३,५७४ हे. मध्ये ४६,१४८ हे. (२५.१३%) जमिन खेतीयोग्य रहेको छ। खेतीयोग्य जमिनको ६७ % अर्थात ३०,९१९ हेक्टर जमिनमा खेति

गरिएको छ। खेति योग्य जमिनको १५.२२ प्रतिशत अर्थात ७,०२३.७४ हे जमिन जमिनमा सिंचाइ सुविधा पुगेको छ भने ३,००३.५१ हे. जमिनमा बाह्रै महिना सिंचाइ सुविधा पुगेको देखिन्छ।

समग्रमा प्रदेश सम्बृद्धिको लागि परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादकत्व वृद्धि गरि दिगो कृषि अर्थतन्त्र निर्माण गर्न उपलव्ध सतह र भूमिगत पानीको संयोजनात्मक उपयोग गर्दै बढदो जल वायू परिवर्तनवाट हुने असर लाई मध्ये नजर गर्दै समानुकुल नविनतम प्रविधिको प्रगोग गरि सिंचाइ प्रणालीको विकास र विस्तार गर्नुपर्ने देखिन्छ।

**क) सोच**

- खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिंचाइ विकास।
- जलविद्युतको तिब्र विकास मार्फत दिगो आर्थिक विकास र सम्वृद्धि
- नवीकरणीय उर्जा, दिगो आर्थिक सामाजिक विकासको आधार

**ख) लक्ष्य**

- सिंचाइ प्रणाली तथा सिंचित क्षेत्रको विकास र कुशल व्यवस्थापन गरि कृषि उत्पादकत्व वृद्धि गर्ने
- जलबिद्युत उत्पादन, प्रयोग क्षमता र दक्षता वृद्धि गरी आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने
- नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापन मार्फत प्रदेश अर्थतन्त्रमा टेवा पुर्याउने

**ग) उद्देश्य**

- सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जिर्ण सिंचाइ पूर्वाधारहरुको सुधार र पुनर्स्थापना गर्नु
- टार क्षेत्रमा सिंचाइ सुविधाको विस्तार गर्नु
- सिंचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु
- प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलबिद्युत आयोजनाहरू पहिचान र विकास गरि उर्जा सुरक्षामा योगदान पुर्याउनु र दिगो अर्थतन्त्रको आधारशीला तयार गर्ने
- बिद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने
- जलबायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्ने
- नवीकरणीय उर्जाको माध्यमबाट ग्रामिण विद्युतीकरण र उद्योग संचालन गरि रोजगार सिर्जना गर्ने
- नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुर्याउने
- आपतकालिन बाढि पहिरो नियन्त्रण तथा पुनस्थापन गर्ने ।

**घ) रणनीति**

- उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका ठुला कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ प्रणालीको विकास गर्ने।
- पहाडका टारहरुमा सिंचाइ सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने।

- सिंचाइ प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने।
- सिंचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने।
- सिंचाइ आयोजनाहरुको मुहान संरक्षण गर्ने।
- प्राविधिक तथा आर्थिक रुपमा आकर्षक जलबिद्युत आयोजना निर्माण गरि प्रदेश अर्थतन्त्रलाई मजबुत तथा दिगो बनाउने
- उर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने
- जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्न अध्ययन अनुसन्धान मार्फत उपायहरुको खोजि गरि कार्यान्वयन गर्ने
- राष्ट्रिय प्रसारण लाइन नपुगेका र सम्भाव्य नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने
- नवीकरणीय उर्जाको स्रोतलाई उत्पादन वृद्धि र रोजगारसंग जोड्ने
- नवीकरणीय उर्जालाई व्यवसायिक उर्जाको रुपमा विकास गर्ने
- बाढि तथा पहिरो जान सक्ने जमिनको पहिचान गरि रोकथामको लागि आवश्यक संरचनाको विकास तथा पुनस्थापनको कार्य गर्ने ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९/१०/०९ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै स्थापना भएको कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, गण्डकी प्रदेश हुदै पुन प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/२८ को निर्णयानुसार उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत रहेको यस जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बागलुङको कार्यजिम्मेवारी निम्नानुसार रहेको छः

१. जिल्लाको उर्जा, विद्युत, सिचाई, जल उत्पन्न प्रकोप (नदि तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार समन्वय र नियमन ।
२. निर्माण कार्यको गुणस्तर निर्धारण र नियन्त्रण ।
३. राष्ट्रिय जलश्रोत नीति र संघीय योजना बमोजीम प्रदेशका नदि तथा सिमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चान र व्यवस्थापन ।
४. जिल्लाभित्रको जलश्रोत उपयोग तथा नदि संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन ।
५. जिल्लाभित्रको जलश्रोत उपयोग हुने आयोजनहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालन।

६. जिल्लास्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन।

७. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन।

**३. डिभिजन कार्यालयको संगठन संरचना, दरवन्दी तेरिज र कार्यरत कर्मचारी संख्याः**

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ।हाल तत्कालिन भौतिक पूर्वाधार विकास मन्त्रालयको स्वीकृत संगठन संरचना अनुसार यस कार्यालयमा देहाय बमोजिमको १२ स्वीकृत दरवन्दीमध्ये हाल ११ जना कर्मचारी कार्यरत रहेका छन्।

स्वीकृत कर्मचारी दरबन्दी संख्याः १२

कार्यरत स्थायी कर्मचारी संख्याः ९

कार्यरत करार कर्मचारी संख्याः २ (१ कार्यालय सहयोगी र १ ह.स.चा.)

रिक्त दरबन्दी संख्याः १ (डिभिजन प्रमुख- नबौं/दशौं)

## <u>दरबन्दी विवरण</u>

| सि.नं | पदको विवरण | सेवा | समूह | उपसमूह | श्रेणी/तह | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डिभिजन प्रमुख | ईञ्जिनियरिङ | सिभिल | ईरिगेशन | नबौं/दशौं | १ | रिक्त |
| २ | इन्जिनियर | ईञ्जिनियरिङ | सिभिल | ईरिगेशन | सातौं/आठौं | २ | |
| ३ | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | | पाचौं/छैटौं | १ | |
| ४ | लेखापाल | प्रशासन (लेखा) | प्रशासन (लेखा) | | पाचौं/छैटौं | १ | |
| ५ | सव-इन्जिनियर | ईञ्जिनियरिङ | सिभिल | ईरिगेशन | पाचौं/छैटौं | ४ | |
| ६ | ह.स.चालक | - | - | - | श्रेणी बिहिन | १ | करार |
| ७ | कार्यालय सहयोगी | प्रशासन | सामान्य प्रशासन | - | श्रेणी बिहिन | २ | १ करार<br>१ स्थायी |
| | | | | | **जम्मा** | **१२** | |

अनुसूची २.९

गण्डकी प्रदेश सरकार

## ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बागलुङको संगठन संरचना

प्रमुख सचिव

**डिभिजन प्रमुख (सि.डि.ई.)**
अधिकृत नवौं/दशौं (इन्जि/सिभिल/इरि.) -१

**जलस्रोत शाखा**
- इन्जिनियर (सातौं/आठौं) (इन्जि/सिभिल/इरि.) -१
- सब-इन्जिनियर (पाँचौं/छैटौं) (इन्जि/सिभिल/इरि.) -२

**सिंचाइ शाखा**
- इन्जिनियर (सातौं/आठौं) (इन्जि/सिभिल/इरि.) -१
- सब-इन्जिनियर (पाँचौं/छैटौं) (इन्जि/सिभिल/इरि.) - २

**प्रशासन शाखा**
- सहायक/अधिकृत (पाँचौं/छैटौं) (प्रशासन/सा.प्र.) -१
- ह.स.चा. श्रेणी विहिन -१
- का.स. श्रेणी विहिन -२

**आर्थिक प्रशासन शाखा**
- सहायक/अधिकृत (पाँचौं/छैटौं) (प्रशासन/लेखा) -१

फाजिल भई मन्त्रालयले खटाएका एशोसिएसन अर्गनाइजर र महिला कार्यकर्ताहरूलाई निजको शैक्षिक योग्यता र अनुभव समेतको आधारमा मिल्दो जिम्मेवारी दिई कामकाजमा लगाउने।

४. कार्यालय बाट प्रदान गरिने सेवाः (नागरिक बडापत्र बमोजिम):

# नागरिक बडापत्र

| | | |
|---|---|---|
| १ | यस कार्यालयवाट प्रदान गरिने सेवाहरुको उद्देश्य | सिंचाइको सुविधा उपलब्ध गराइ कृषि उत्पादनमा बृद्धि गर्न सहयोग पुर्याउने |
| २ | सेवा प्रकार | नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने एवं निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गर्ने ।<br>कृषकहरुलाई सिंचाइ सम्बन्धि प्राविधिक परामर्श सेवा उपलब्ध गराउने<br>भु-क्षय, पहिरो, बाढि न्यूनिकरण तथा नदि नियन्त्रण संग सम्बन्धित कार्यहरु |
| ३ | सेवा प्रदान गर्ने कार्यालय र स्थान | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बागलुङ । |
| ४ | उच्च कार्यरत स्तरको प्रचार | योजाना संचालन गर्नु अधि स्थानीय स्तरमा गरिने भेला, केन्द्रिय र प्रादेशिक स्तरमा गरिने गोष्ठि तथा सेमिनार, विभागका प्रकाशनहरु बार्षिक कार्यक्रम एवं प्रगति विवरणहरु । |
| ५ | सेवाको गुणस्तर | स्विकृत नर्मस र स्पेसिफिकेशन अनुसार गुणस्तरीय सेवा प्रदान गरिने |
| ६ | सूचना सम्म पहुच | पत्र-पत्रिका, पत्राचार, कार्यालयको सूचना पाटी, टेलिफोन सम्पर्क (०६८-५२०१७५),<br>Email : irr.baglung@gmail.com . |
| ७ | उजुरी गर्ने सरल प्रकृयाहरु | मौखिक तथा लिखित निवेदन, उजुरि पेटिका एवं स्थलगत अनुगमन भ्रमण तथा भेटघाटमा समेत उजुरी गर्न सकिने । |
| ८ | समय सिमा तोकिएको गुनासो सुनुवाई र समाधान व्यवस्थापन | गुनासोको आधारमा तुरुन्त सुनुवाई गरि समाधानको यथाशिघ्र पहल गरिने । |
| ९ | सेवाग्राही समुहहरु | सिंचाइ उपभोक्ता कृषकहरु, प्रकोप जन्य क्षेत्रका प्रभावित बासिन्दाहरु |
| १० | सेवा उपलब्ध हुने प्रकृया | सिंचाइ सेवा उपलब्ध गर्न चाहने उपभोक्ताहरुको लिखित (अनुरोध पत्र फाराम भरी) माग भएपछि वा पहिचान भै सकेका योजनाहरु मध्ये वाट प्राथमिकताको आधारमा र जल उत्पन्न प्रकोपवाट प्रभावित उपभोक्ताहरुको समुहले न.पा./गा.पा./वडाको सिफारिस सहितको आधारमा कार्यक्रम बनाई सेवा संचालन गरिने । |

| | | |
|---|---|---|
| ११ | सम्बन्धित ऐन नियमहरु | जलस्रोत ऐन एवं नियमावली, सिंचाइ नीति, सिंचाइ नियमावली, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र जलस्रोत तथा सिंचाइ योजना कायन्वयन कार्यविधि २०७५ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यविधि, स्थानिय स्वायत्त शासन ऐन एवं नियमावली. निजामति सेवा ऐन एवं नियमावली तथा आर्थिक प्रशासन सम्बन्धि ऐन नियमहरु अनुसार । |
| १२ | सेवा वापत लाग्ने दस्तुर | जनसहभागिता परिचालन गरि निर्माण, मर्मत एवं पुन निर्माण गरिने योजनाहरुमा सिंचाइ नीतिमा उल्लेख भए अनुसारको कुल ल.ई. को आधारमा घटिमा ३ प्रतिशत र बढिमा १५ प्रतिशत बराबरको जनसहभागिता हुने छ । |
| १३ | योजना माग गर्दा पुर्याउनु पर्ने प्रकृया तथा तार जालि माग | सिंचाइ योजना माग गर्दा जल उपभोक्ता समिति गठन गरि प्रति रोपनी रु २.५० का दरले धरौटी खातामा रकम जम्मा गर्नुपर्ने र तार जाली माग गर्दा सम्बन्धित वडाको सिफारिस, निवेदन र स्थलगत फोटो । |
| १४ | लाग्ने समय | नियमानुसार लाग्ने समय |
| १५ | सम्पर्क राख्नुपर्ने ब्याक्ति<br>क) प्रशसनिक र जिन्सी कार्यको लागि<br>ख) संस्था दर्ता तथा योजना माग<br>ग) आर्थिक कारोवार<br>घ) योजना निर्माण, मर्मत संभार र गुणस्तर नियन्त्रण | <br>प्रशासन शाखा प्रमुख/प्रशासन शाखा<br>एशोसिएसन अर्गनाईजर/संस्थागत विकास शाखा<br>लेखा प्रमुख/आर्थिक प्रशासन शाखा<br>ईन्जिनियर/सव ईन्जिनियर/ सिंचाइ/नदि व्यवस्थापन तथा उर्जा शाखा |
| १६ | उजुरी र गुनासो सुन्ने ब्यक्ति | डिभिजन प्रमुख |
| १७ | माथिल्लो निकाय | १) उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, काठमाण्डौ<br>२) जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर<br>३) उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश |

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुखः**

**नि. डिभिजन प्रमुख : इ. श्री. सुजन खड्का**

फोन नं. – ९८५७६३३५६७

**सिंचाइ/जलश्रोत शाखा :**

इ. सुबोध नेपाल , फोन नं.- ९८५७६३३१७५

सि.सब इ. जयन्ती जोशी, फोन नं.- ९८४६६४६२९४

सि.सब इ. कल्याण पौडेल, फोन नं.- ९८४१९८७७७४

सब इ. सबिता सुवेदी, फोन नं.- ९७६९४८८९३५

**प्रशासन शाखा :**

**शाखा प्रमुख :** बाबुराम आचार्य, अधिकृतस्तर छैठौं, फोन नं. - ९८५७६२६००७

**आर्थिक प्रशासन शाखाः**

**शाखा प्रमुख :** प्रकाश गौतम, अधिकृतस्तर छैठौं, फोन नं. – ९८४६११६५४४

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

नेपाली नागरिकले सूचना माग गर्न आएमा प्रचलित कानुन बमोजिम दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने र अन्य सेवा सम्बन्धि कार्यको लागि नागरिक बडापत्रमा तोके बमोजिमको शुल्क र समय लाग्ने।

**७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्व उजुरी गर्न डिभिजन प्रमुख समक्ष जानुपर्नेछ। डिभिजन प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र डिभिजन प्रमुखले सूचना अधिकारी मार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र डिभिजन प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र डिभिजन प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

नि. डिभिजन प्रमुख : ई. सुजन खड्का

**९. सम्पादन गरेको कामको विवरण (२०८२ असार देखि २०८३ असार सम्म)**

- गत आ.व २०८१/०८२ मा सिलबन्दी दरभाउपत्र मार्फत ३८५ थान ग्यावीयन जाली खरिद गरी खेति योग्य जमिन कटान रोकथाम, पहिरो नियन्त्रण तथा भौतिक संरचनाहरु संरक्षण गर्नका लागि वितरण गरिएको। आ.व २०८२/८३ मा थप १३० थान ग्याबिन जाली खरिद गरिसकिएको |

- आ.व २०८२/८३ को स्वीकृत बार्षिक विकास कार्यक्रमको क्रमागत आयोजना (३४००३००१४) अन्तर्गतको "निर्माण पुर्व/गुणस्तर नियन्त्रण/सेवा शुल्क संकलन/मर्मत सम्भार सम्बन्धि तालिम" कार्यक्रम कार्यान्वयन गरि ताराखोला गाउँपालिका वडा नं.५, घुस्मेली, गलकोट नगरपालिका वडा नं.-७, बडिगाड गाउँपालिका वडा नं. ६ र ढोरपाटन नगरपालिका तथा निसिखोला गाउँपालिकालाई समेट्ने गरि ढोरपाटन नगरपालिका वडा नं.१, बुर्तिवाङमा स्थानीय उपभोक्ता, उपभोक्ता समितिका पदाधिकारी तथा निर्माण व्यवसायीहरु संग अन्तरक्रिया तथा तालिम संचालन गरियो |
- यस जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बागलुंङ मार्फत कार्यान्वयन हुने आ.व २०८२/८३ को स्वीकृत बार्षिक विकास कार्यक्रममा संघ बिशेष अनुदानका आयोजनाहरु (३४००१००२४), क्रमागत आयोजना (३४००३००१४), बहुवर्षीय/श्रोत सुनिश्चित आयोजना (३४००३००४४) र मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना (३४००३००६४) गरि जम्मा ४ वटा बजेट उपशिर्षक अन्तर्गत कुल ११३ वटा आयोजनाहरुमा बजेट विनियोजन भएको छ |
- संघ बिशेष अनुदानका आयोजनाहरु (३४००१००२४) अन्तर्गतको कार्यक्रम "बाढीबाट क्षतिग्रस्त सिंचाई आयोजनाहरुको पुनःस्थापना तथा विपद जोखिम न्यूनीकरण कार्य" लाइ कुल ६ वटा प्याकेजमा बिभाजन गरि ठेक्का सम्झौता गरिसकिएको छ |
- क्रमागत आयोजना (३४००३००१४) भित्रका कुल ५४ वटा आयोजनाहरु मध्ये ३४ वटा आयोजनाहरु यसै आर्थिक वर्षमा सम्पन्न भएका छन्, ११ वटा आयोजनाहरु आगामी आ.व मा सम्पन्न गर्ने गरि श्रोत सुनिश्चितता प्राप्त भइ कार्यान्वयनको प्रक्रियामा छन् भने ९ वटा आयोजनाहरु विविध कारणबश कार्यान्वयन हुन सकेनन |
- बहुवर्षीय/श्रोत सुनिश्चित आयोजना (३४००३००४४) अन्तर्गतका कुल ११ वटा आयोजनाहरु यसै आर्थिक वर्षमा सम्पन्न भएका छन् |
- मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना (३४००३००६४) अन्तर्गत जम्मा ४७ वटा कार्यक्रम रहेकोमा ४४ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् भने ३ वटा कार्यक्रमहरु विविध कारणबश कार्यान्वयन हुन सकेनन |

यसै आ.व २०८२/८३ मा श्रोत सुनिश्चितता प्राप्त भएका आयोजनाहरुको विवरण :

**( रकम रु. हजारमा )**

| क्र.सं | आयोजनाको नाम | श्रोत सुनिश्चित रकम | निर्माण व्यवसायीको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | विनामारे बैरोबाँसे कुँडर एकिकृत सिंचाइ योजना, मूल कुसुण्डे, जैमिनी ५, बाग्लुङ | २,७४,९७.०० | - | - | ल ई तयार भैरहेको. |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हुरेखानी हिराखर्क बाहुनगाउँ पुनेडाँडा सिंचाइ, ढोरपाटन न.पा. ५ को नहर तथा संरचना निर्माण कार्य | ७०,००.०० | - | - | प्रथम पटक बोलपत्र आह्वान भए तापनि कुनै पनि बोलपत्र प्राप्त नभएको/दोश्रो पटक बोलपत्र आह्वान गर्ने तयारी |
| ३. | हलुवा सिचाई कुलो निमार्ण गल्कोट न.पा.७ | ५०,००.०० | आयुष्मा निर्माण सेवा, बडीगाड -२ ,खर्बांग, बागलुङ | ९८५६०४५३५२ | सम्झौता भैसकेको |
| ४. | धापाखोला अर्मा कैया सिंचाइ योजना, बागलुङ न.पा. १४ कैया बागलुङ | ५०,००.०० | कन्स्ट्रक्सन वोर्ल्ड प्रा.लि, खलङ्गा-०१, मुसीकोट, रुकुम पश्चिम | ९८५१२०५१५६ | ऐ.ऐ. |
| ५. | खोला खानी सिंचाई योजना, जैमिनि ८, बागलुङ | ५५,००.०० | सिजन बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि, काठमाण्डौ म.न.पा.-१०, काठमाण्डौ | ९८६५०६१८१८ | ऐ.ऐ. |
| ६. | रादिखोला चितिपानी फाँट सिंचाइ कुलो निर्माण, जैमिनी ८ बागलुङ | ६०,००.०० | पौडेल निर्माण सेवा, छिस्ती-०१, बागलुङ | ९८५७६२४७४० | ऐ.ऐ. |
| ७. | कुडुले भुजेलचौर कृषक सिचाई संघ बा न पा ४ बागलुङ | ५०,००.०० | खुर्पेटो कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, टोखा नगरपालिका १० , काठमाण्डौ | ९८४४७३६६०१ | ऐ.ऐ. |
| ८. | तिङरीङ सिंचाइ योजना, काठेखोला ७, रेस बाग्लुंग | २५,००.०० | काउचा निर्माण सेवा, काठेखोला-०७, बागलुङ | ९८०५२८८१८२ | ऐ.ऐ. |
| ९. | बान्द्रेफाँट सिंचाई आयोजना बागलुङ न.पा. ५ को नहर तथा संरचना निर्माण कार्य | २५,००.०० | आर.के ग्रुप अफ कन्स्ट्रक्सन प्रा.ली., तारकेश्वोर -६, काठमाण्डौ | ९८५८०६०६२० | ऐ.ऐ. |
| १०. | तिर्लुङ्ग कुलो सिंचाई योजना, निसिखोला ५, बाग्लुङ | ४५,००.०० | नाथुरी शिवजी कन्स्ट्रक्सन एण्ड | ९८६७१४४३१२ | ऐ.ऐ. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सप्लायर्स प्रा.ली., ढोरपाटन-५ , बागलुङ | | |
| ११. | ह्याङ्गीखोला, सिनुखुन्ह,पुईवाङ्ग, सिंचाई योजा निसीखोला ५ बागलुङ | ६५,००.०० | कन्स्ट्रक्सन वोर्ल्ड प्रा.लि, खलङ्गा-०१, मुसीकोट, रुकुम पश्चिम | ९८५१२०५१५६ | ऐ.ऐ. |

विविध कारणबस् कार्यान्वयन हुन नसकेका आयोजनाहरुको विवरण :

| क्र.सं. | आयोजनाको नाम | बजेट | कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|
| १ | पखरीडाँडा देउराली सिम्ले सिंचाइ योजना, काठेखोला ७, रेस, बाग्लुङ | १२,००.०० | बजारमा पाइपको मूल्य अत्यधिक वृद्धि भएकाले काम गर्न नसक्ने भनि निवेदन प्राप्त भएको |
| २ | सानेश्वोर सिंचाइ आयोजना, गल्कोट-२, बाग्लुंग | २,००.०० | सर्वेक्षणका लागि बजेट विनियोजन भएतापनि उल्लेखित ठेगानामा सो नामको आयोजना नरहेको, साथै संसोधनको लागि पनि कोहि सम्पर्कमा नआएको |
| ३ | बज्रमारे सिंचाइ कुलो निर्माण, गल्कोट न.पा. ९, बागलुङ | २५,००.०० | संघ बिशेष अन्तर्गत प्याकेज-२ मा समावेश गरि ठेक्का सम्झौता भईसकेको |
| ४ | मल्म रीघा सिंचाई योजना, गल्कोट न.पा-९, बाग्लुङ | २०,००.०० | संघ बिशेष अन्तर्गत प्याकेज-२ मा समावेश गरि ठेक्का सम्झौता भईसकेको |
| ५ | बगरखोला वारीगाँउ तालकोट सिंचाइ योजना, बडिगाड ०४ बागलुङ | १०,००.०० | बजारमा पाइपको मूल्य अत्यधिक वृद्धि भएकाले काम गर्न नसक्ने भनि निवेदन प्राप्त भएको |
| ६ | मालारानी सिंचाई योजना, बडीगार्ड ९, बाग्लुंग | १५,००.०० | सम्बन्धित उपभोक्ता तथा सरोकारवाला सम्पर्कमा नआएकाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउन नसकिएको |
| ७ | ठुलो कुलो (खहरेखोला रिखेटारी) सिंचाइ योजना, बडीगाड ५, बागलुङ | ५,००.०० | संघ बिशेष अन्तर्गत प्याकेज-५ मा समावेश गरि ठेक्का सम्झौता भईसकेको | |
| ८ | खाराखेत देखि भवरेटा, झिन्गलबारी, रातमाटा, | २०,००.०० | **Three Stage** लिफ्ट/प्राबिधिक जटिलताका कारण कार्यन्वयन गर्न नसकिएको |

| | | | |
|---|---|---|---|
| | घम्सिन, सोरबोट, खसरीबांग सिंचाई योजना, ढोरपाटन१ | | |
| ९ | जाउलेपानी मधु सिंचाइ योजना, निशिखोला ६, बागलुङ | १०,००.०० | संरक्षित् क्षेत्रभित्र पर्ने भएकाले कार्यान्वयन गर्न नसकिएको |
| १० | बागपानी कटुवाल डेरा सिंचाई योजना, निसिखोला ५ बाग्लुंग | १५,००.०० | बोलपत्र आह्वान भए तापनि कुनै पनि बोलपत्र प्राप्त नभएकाले |
| ११ | नर्जा गाउँ बृहत सिंचाई आयोजना, तमानखोला-६, वाग्लुङ | १०,००.०० | उपभोक्ता समिति ढिला सम्पर्कमा आएको / बजारमा पाइपको अत्यधिक मुल्यबृद्धि भएकाले कार्यान्वयन |
| १२ | तल्लो हिस्लाङ्ग सिंचाइ आयोजना, गण्डकी -५, बाग्लुङ्ग | ५,००.०० | ठेगाना गलत भएकाले कार्यान्वयन हुन नसकेको |

- कार्यालयमार्फत ठेक्का/सम्झौता भइ चालु रहेका आयोजनाहरुको अनुगमन तथा मुल्यांकन र गत आ.व मा सम्पन्न आयोजनाहरुको अवलोकन तथा मुल्यांकन निरन्तर भैरहेको ।

- कार्यालयमा पेश भएका निवेदन, माग, जनगुनासो, कार्यालयलाई प्राप्त परिपत्र आदिको व्यहोरा अवगत गरि सोहि अनुसार गरिएको ।

- आयोजना कार्यान्वयन मार्फत भएको उपलब्धिको सारांश देहाए बमोजिम रहयो :

| क्र. स. | विवरण | एकाइ | आ.व. २०८१/८२ सम्मको उपलब्धि | आ.व. २०८२/८३ को उपलब्धि | आ.व. २०८२/८३ सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १. | सिंचित क्षेत्रफल विस्तार | हे. | ६९७६ | ४७.७४ | ७०२३.७४ |
| २. | कृषक कूलो स्तरोन्नति | हे. | १५१५ | ४८.७७ | १५६३.७७ |
| ३. | नवीकरण र पुनर्स्थापना | हे. | २०३० | १३८.१६ | २१६८.१६ |
| ४. | तटबन्ध निर्माण | कि.मि. | ४.५९ | ०.७६९ | ५.३५९ |
| ५. | पक्की कुलो निर्माण | कि.मि. | | ११.७० | |
| ६. | पाइपलाइन बिस्तार | कि.मि. | | १५.९६ | |
| ७. | सम्पन्न भएका लिफ्टिंग सिंचाइ आयोजना संख्या | | | - | |
| क | Tubewell | वटा | | - | |

| ख | Sumpwell | वटा | | १ | |
|---|---|---|---|---|---|
| ८. | जग्गा उकास | हे. | | १.५ | |
| ९. | पहिरो संरक्षण कार्य | गोटा | | १ | |
| १० | लघु जलविद्युत मर्मत-सम्भार गरी नियमित | कि.वा. | | १८.०० | |

## १०. आ. व. २०८२/०८३ को चौथो त्रैमासिकसम्मको वित्तीय तथा भौतिक प्रगति विवरण

**चौथो त्रैमासिकको प्रगति (समष्टिगत) :**

| क्र.सं | बजेटको किसिम | चौथो त्रैमासिक बजेट (रु. हजारमा ) | खर्च (रु.हजारमा ) | प्रगति प्रतिशत % | |
|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक |
| १ | चालू | २५,९३.०० | २८,९०.०६ | १११.४६ | - |
| २ | पूँजीगत | ७,२९,१५.०० | ७,६७,९९.४८ | १०५.३३ | १६०.८८ |
| | जम्मा | ७,५५,०८.०० | ७,९६,८९.५४ | १०५.५४ | १६०.८८ |

**बार्षिक प्रगति (समष्टिगत) :**

| क्र.सं | बजेटको किसिम | कूल विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत % | |
|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक |
| १ | चालू | १,२३,००.०० | १,०१,२७.९२ | ८२.३४ | - |
| २ | पूँजीगत | १३,९८,८८.०० | ९,९७,७०.३५ | ७१.३२ | ७५.१८ |
| | जम्मा | १५,२१,८८.०० | १०,९८,९८.२६ | ७२.२१ | ७५.१८ |

**१२. डिभिजन प्रमुख, र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बरः**

**नि. डिभिजन प्रमुख** : इ. सुजन खड्का, मोबाइल नं. ९८५७६३३५६७

**सूचना अधिकारी** : इ. सुबोध नेपाल, मोबाइल नं. ९८५७६३३१७५

**१३. कार्यालयको वेवसाइट र सो को विवरणः**

कार्यालयको वेवसाइट : **wriddbaglung.gandaki.gov.np** रहेको छ।

**१४. कार्यालयको ठेगाना र सम्पर्क नं.**

**कार्यालयको नामः** जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश, नेपाल

**ठेगानाः** बागलुङ नगरपालिका वडा नं. ०२ बागलुङ

**फोन नंः** ०६८-५२०१७५

**इमेल :** irr.baglung@gmail.com

**वेबसाईट :** wriddbaglung.gandaki.gov.np